गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गलकोट, बागलुङ

प.सं. : ०८२/०८३
च.नं. : २२२

गण्डकी प्रदेश, नेपाल
मिति: २०८२।०७।१६

**वैदेशिक रोजगार सन्तती सहायताका लागि निवेंदन दिने बारे सुचना ।**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषवाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफू अध्ययनरत रहेकै शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुची (१) वमोजिमको ढाँचामा २०८२ साल कार्तिक मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. विद्यार्थीले निवेदन पेश गर्ने निकाय:** २०८२ कार्तिक मसान्तभित्र आफु अध्ययनरत विद्यालयमा निवेदन पेश गर्नुपर्ने ।

**अ) पहिले देखिनै छात्रवृत्ति पाईरहेका छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसुची - १ वमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिपि,
ग) अध्ययन गरीरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि)।

**आ) आ. व. २०८२/०८३ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गनें छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसूची-१ वमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिपि,
ग) अनुसुची-२ वमोजिमको अध्ययन गरीरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) जन्मदर्ताको प्रतिलिपि,
ङ) अभिभावकको नागरिकताको प्रतिलिपि,
च) कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
छ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि)

**२. विद्यालयको जिम्मेवारी:** सम्बन्धित सबै विद्यार्थी तथा अभिभावकलाई सूचना प्रवाह गर्ने, निवेदन संकलन गर्ने र २०८२ मंसिर ७ गते भित्र यस गलकोट नगरपालिकाको, रोजगार सेवा केन्द्र मा पठाउनुहुन अनुरोध छ ।

..............................
(टिकाराम गौतम)
रोजगार संयोजक

..............................
(रामचन्द्र शर्मा)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत